वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

गण्डकी प्रदेश

वालिङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय वालिङ, स्याङ्जा २०७३

## करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/०५/१५**

नेपाल सरकारद्वारा सञ्चालित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अन्तर्गत यस वालिङ नगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक र प्राविधिक सहायक पद करारमा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | रोजगार संयोजक | छैठौं | १ |
| २ | २/२०७७/०७८ | प्राविधिक सहायक | पाचौं | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**क. रोजगार संयोजकको लागि**

- ❖ नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उतीर्ण गरेको,
- ❖ दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- ❖ भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,
- ❖ नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

**ख. प्राविधिक सहायकको लागि**

- ❖ सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा उतीर्ण भएको,
- ❖ अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-
  - ✓ कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
  - ✓ पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा छ महिनाको अनुभव भएको ।
- ❖ उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**२. दरखास्त दिने स्थान :** नगरकार्यपालिकाको कार्यालय, वालिङ, स्याङ्जा

**३. दरखास्त दिने अन्तिम मिति :** २०७७/०५/२९

**४. आवेदनको दस्तुर :** रोजगार संयोजकको लागि रु. १००० /- र प्राविधिक सहायकको लागि रु. ५०० /-

**५. सेवा सुविधा :** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा (१८), (१९) र नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

**६. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परिक्षा ।

**७. आवश्यक कागजात :** आवेदक स्वंयले प्रमाणित गरेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात र दुई प्रति पासपोर्ट आकारको फोटो ।

नोट : आवेदनको ढाँचा र विज्ञापन गरिएका पदहरुको कार्यविवरण प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र वालिङ नगरपालिकाको वेवसाइट www.walingmun.gov.np मा उपलब्ध छ । थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

५।१४

जीवन ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत